बुटवल पब्लिकेशन प्रा. लि.

सम्पादकीय

आगलागीमा सचेत बनौं

केही समययता फाट्ट फुट्ट आगलागीका घटनाहरू देखिन थालेका छन् । मानब बस्तीमा आगलागी हुँदा ठूलो जनधनको नोक्सानी भएको हुन्छ । मानिस देखि पशु चौपायाको ज्यान गएको हुन्छ भने खाद्यान्न, लत्ताकपडा जलेर नष्ट हुन्छ । बस्ने, सुत्ने ठाउँ नै गुमाएका छन् । खासगरी तराईका गरिब समुदायका बस्तीहरूमा आगलागीका घटनाहरू बढि हुने गरेका छन् । दाउरा, गुइँठा बालेर खाना बनाउनु पर्ने वाध्यता, घरको छानो खरले छाइनु, पाका उमेरका मानिसहरू काममा जानुपर्दा साना बालबच्चाले खाना बनाउने वाध्यता हुनु, आगोले छिटो टिप्ने बस्तु पिँढी, आँगन र यत्रतत्र ठाउँमा राखिनु, खरले छाएका काठका सामानबाट निर्माण गरिएका घरहरू जोडिएर बनाइनु आदि कारणबाट धेरै घरहरू एकसाथ जल्ने गरेका हुन्छन् । यी घरमा आगलागी हुँदा खरानी बाहेक केही पनि बच्दैन । कुन ठाउँमा घर उभिएको थियो भनेर ठम्याउनै समस्या हुन्छ । जसले हदैसम्मको नोक्सानी भएको पुष्टि गर्छ । यद्यपि स्थानीय सरकाले कतिपय ठाउँमा खरका छानाहरू निषेध गर्ने अभियान चलाएका छन् । तर केही समुदायलाई वा केही बस्तीमा मात्र यो अभियान चलाउनु पर्याप्त छैन । मुलुकैभरी यो अभियान चलाउनु आवश्यक छ ।

अहिले कतिपय मानिसले फाउण्डेशन सञ्चालन गरेर तराईका मुसहर बस्तीका विपन्न मानिसहरूलाई पक्की घर हस्तान्तरण गर्ने काम भएको छ । ब्यक्तिले आफ्नो कमाइ तथा कतिपय ब्यक्ति तथा संस्थाबाट सहयोग जुटाएर आधुनिक सुविधासम्पन्न घरहरू निर्माण गरिदिएर हस्तान्तरण गरेका छन् । यो काम सरकारले गर्न नसक्ने हैन । सबै सभाषद्हरू, कर्मचारीहरूले एक महिना बराबरको तलव भत्ता यस्ता काममा लगाउने हो भने नेपालका अधिकांश खरको छानोमुनी कच्ची घरमा बस्नेहरूलाई एक बर्षमा हजारौं घरहरू बनाएर आधुनिक घरहरूमा बस्ने ब्यवस्था मिलाउन सकिन्छ । आखिरी सबै सरकारी बेतनभोगीले एक बर्षमा तेह्र महिनाको तलव बुझ्ने गरेका हुन्छन् । त्यहि तेह्रौं महिनाको तलवबाट यो काम गर्न सकिन्छ । राजश्वको बजेटबाट पनि यो काम गर्न सकिन्छ । तर, त्यस्तो योजना बनाउने भिजन भएका नेताहरू सरकारमा हुँदैनन् । सुविधाभोगी, राजश्वमाराहरूको सत्तामा बाहुल्यता भएकोले नेपाली जनताले युगौं देखि यातना भोग्नु परेको छ । त्यसमाथि जंगलमा लाग्ने आगोको कुरा बेग्लै हो । जंगलमा सलाई चुरोट लैजाने र सल्काउने, त्यसलाई निभाउनुको साटो फ्याँकेर छाड्ने प्रबृत्ति धेरैमा देखिन्छ । फागुन देखि असारसम्म यो कुरामा सम्बद्ध निकायले विशेष निगरानी गर्नु जरुरी छ ।

आगलागी हुनुले मानिसलाई अत्यन्तै पीडा दिन्छ । किनभने कुनै चिज पनि बचाउन सकिएको हुँदैन । टाउको ओत्ने छानो हुँदैन । पकाएर खानको लागि अनाज हुँदैन । त्यसमा पनि टोलमै आगो लाग्यो भने त अझ समस्या थपिन्छ । कसैका घरमा शरण लिएर बस्ने ठाउँसम्म हुँदैन । वास्तवमा घरमा आगलागी हुनु भनेको गरिबीको संकेत हो । कुन बस्तीका जनता कति गरिब छन् भन्ने कुरा आगलागीले पुष्टि गर्छ । यसकारण कि कच्ची घरमा नै आगलागी हुन्छ । कच्ची घर गरिबीको वाध्यता हो । यस्तो वाध्यतामा अहिले लाखौं हैन, करोडौं मानिस बाँच्न वाध्य छन् । यो नेपालको आर्थिक ऐना हो । यसरी जनतालाई विपन्नताको जीवन बाँच्न बाध्य बनाएर मुट्ठीभरका धनाढ्यहरूले देशको अर्थतन्त्रमा कब्जा जमाएका छन् । आफ्ना लागि आलिशान महल खडा गरेका छन् । सत्ता उनीहरूको हातमा छ । आफ्नो सुविधाको लागि उनीहरूले राजश्वको दोहन गरेका छन् । तर, जनताको लागि दुई चार हजार रूपैयाँ थमाइदिएर झारा टार्ने काम गरिन्छ । यसमा सुधार आउनु आवश्यक छ ।

पिपिआर रोग विरुद्ध खोप अभियान

सल्यान, १६ चैत- सल्यानको कपुरकोट गाउँपालिकामा भेडा बाख्रामा लाग्ने पिपिआर रोग विरुद्ध खोप अभियान सञ्चालन गरिएको छ। यो रोग देखाप¥यो भने गाउँभरकै भेडाबाख्रा सखाप हुन सक्ने भएकाले किसानहरूको टोल, वस्ती र घर सम्मै पुगेर कपुरकोट गाउँपालिकाले खोप लगाउन शुरु गरेको हो। हाल सम्म १५ हजार चार सय बढी भेडा बाख्रालाई पिपिआर रोग विरुद्धको खोप लगाइएको पशुपन्छी विकाश शाखाले जानकारि दिएको छ। अन्य वडामा खोप अभियान सञ्चालनन भइरहेको र अवको केही दिनमै वडा नम्बर ५ मा पनि पिपिआर रोग विरुद्ध खोप लगाइने शाखाले जनाएको छ।

भेडाबाख्रामा महामारी फैलिन नदिन र निरोगी भेडाबाख्रा पालनको लागि गम्भीर रूपमा लागिएको पशुपन्छी विकाश शाखा प्रमुख पशु स्वास्थ्य प्राविधिक अरूणा भण्डारीले जानकारि दिइन्। यस वर्ष २० हजार भेडा बाख्रालाई खोप लगाइने उनले बताइन्। कपुरकोट गाउँपालिकामा पछिल्ला हरेक वर्षमा यो खोप लगाउदै आएको र जसका कारण रोग फैलन नपाएको नायव पशु सेवा प्राविधिक अविकिरण डिसीले जनाए।

पशुपालन व्यवशायलाई प्रवर्द्धन गर्नका लागि विभिन्न योजना र कार्यक्रम सञ्चालन गरिरहेको गाउँपालिकाले जनाएको छ। किसानलाई पशुपन्छीमा लाग्ने रोगको बारे जानकारी गराउने, खोप, औषधि तथा उपचार प्रदान गर्ने लगाएतका सेवा दिइरहेको गाउँपालिकाका अध्यक्ष भिम बहादुर सेनले जानकारि दिए। पशु बन्ध्याकरण सेवा, पशुवस्तुलाई आवश्यक पौष्टीक तत्व पुर्तिका लागि कार्यक्रम सञ्चालन गरिएको पनि उनले जनाए।

स्थानीय तह र सञ्चार बिषयमा छलफल गरि मनाइयो स्थापना दिवस

बुटवल, १६ चैत- नेपाल पत्रकार महासंघ रूपन्देहीले ६७ औं स्थापना दिवस सैनामैनामा स्थानीय तह र सञ्चार बिषयक अन्तरक्रिया कार्यक्रम गरेर मनाएको छ। बुधबार सैनामैना नगरपालिकाको सहयोगमा महासंघले शूभकामना आदान प्रदान तथा अन्तरक्रिया गरेर दिवस मनाएको हो।

कार्यक्रममा प्रमुख अतिथि सैनामैना नगरपालिका नगरप्रमुख चित्रबहादुर कार्कीले संघीयताको पहिलो कार्यकाल अनुभव र सिकाई कार्यकाल बनेको बताए। उनले शासन प्रणाली नै नयाँ भएको बताउँदै कतिपय साझा अधिकारका सूचीका कानुन निर्माण नहुँदा पनि स्थानीय तहले पर्याप्त काम गर्न नपाएको बताए। उनले सैनामैना नगरपालिकाले विकास निर्माणदेखि आम नागरिकको जीवनमा सुधार ल्याउने काम गरेको बताए। उनले सञ्चार र पत्रकारहरूले पनि निर्धक्कका साथमा कोहीबाट प्रभावित नभएर समाचार सम्प्रेषण गर्न नसकेको आफूले अनूभूती गरेको बताए।

कार्यक्रममा रूपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले सञ्चारमाध्यमले सुशासन कायम गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए। उनले स्थानीय तहमा सुशासनका बिषयमा प्रश्नहरू उठेकाले त्यसलाई सुधार गर्नुपर्ने खाँचो औंल्याए। कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य भवानी प्रसाद पाण्डेले केही स्थानीय तहहरूले चुनावलाई लक्षित गरेर प्रोपोगान्डाका समाचारहरू प्रकाशन/प्रशारण गर्न थालेको बताए। उनले स्थानीय तहहरूले ५ बर्षको अवधिमा सञ्चारमाध्यम र पत्रकारहरूको क्षमता विकास तथा सहकार्यमा स्थानीय तह चुकेको बताए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ रूपन्देहीका पूर्वअध्यक्ष विनोद पहाडीले स्थानीय तहहरूसँग पत्रकारिताले सम्झौताको यात्रा तय गरेको बताए। अर्का पूर्व अध्यक्ष हरि लम्सालले स्थानीय तहले सञ्चारमाध्यम र पत्रकारिताको क्षेत्रमा जति काम गर्नुपर्ने त्यो नभएको भन्दै यस्ता कार्यक्रम शुरुदेखि नै हुपर्नेमा जोड दिए।

कार्यक्रममा महासंघ रूपन्देहीका पूर्वअध्यक्ष डिआर घिमिरेले कार्यपत्र प्रस्तुत गर्दै स्थानीय तहमा बेथितीहरू देखा परेको बताउँदै यस्ता मुद्दामा सञ्चारमाध्यमले ध्यान दिनुपर्ने बताए। कार्यत्रपत्रमाथी टिप्पणी गर्दै बरिष्ठ पत्रकार माधव नेपालले स्थानीय तहका बारेमा समाचार लेख्दा काँग्रेस, एमाले माओवादीको विल्ला भिराउने प्रचलन रहेको बताए। कार्यक्रममा सैनामैनाका प्रमुख प्रशासकीय अधिकृत भिमप्रसाद तिवारीले कार्यपत्र प्रस्तुत गरेका थिए।

उक्त अवसरमा पत्रकार महासंघ रूपन्देहीका निवर्तमान अध्यक्ष यानेन्द्र जिसि, मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय सभापती गोविन्द खनाल, बरिष्ठ पत्रकार दामोदर खनाल, प्रेस सेन्टर नेपाल लुम्बिनीका बरिष्ठ उपाध्यक्ष रुद्रहरि कुँवर, नेपाल प्रेस यूनियन रूपन्देहीका सभापति रेखा भुसाल, प्रेस चौतारी नेपाल रूपन्देहीका अध्यक्ष लक्ष्मण पौडेल, प्रगतीशिल पत्रकार संघ नेपाल रूपन्देहीका अध्यक्ष श्यामलाल पोखरेल, क्रान्तिकारी पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष टेक मास्की राना, सञ्चारिका समूह रूपन्देहीका अध्यक्ष निरु गौतम, नेपाली काँग्रेस सैनामैना नगरसभापती रण बहादुर खनाल, नेकपा माओवादी केन्द्र सैनामैना नगरअध्यक्ष नारायण महतले बोल्दै पत्रकारिताले जनताको सवाललाई उठाउनुपर्नेमा जोड दिएका थिए।

कार्यक्रम नेपाल पत्रकार महासंघ रूपन्देहीका अध्यक्ष रामराज पोखेलको अध्यक्षता, उपाध्यक्ष विश्वास ढकालको धन्यवाद ज्ञापन, अर्का उपाध्यक्ष अमृता अनमोलको स्वागत तथा सचिव विनोद परियारको सञ्चालनमा सम्पन्न भएको हो।

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रूपन्देही

आशय पत्र सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०७८-१२-१७

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिलः

ठेक्का नं	बोलपत्रदाताको नाम	विवरण	कबोल अंक (मु.अ कर सहित) रु.
NCB/10/078-79	श्री अवरार निर्माण सेवा, रोहिणी-०६	Parapet and Other Infrastructures Works at Football Stadium, Murgiya	१,३३,२०,६१२।७२

ट्रेड युनियन अर्घाखाँचीद्वारा बिदाई

अर्घाखाँची, १६ चैत। निजामती कर्मचचारीहरूको आधिकारी ट्रेड युनियन अर्घाखाँचीले विदाई कार्यक्रम सम्पन्न गरेको छ। जिल्ला सरकारी वकिल कार्यालय अर्घाखाँचीमा कार्यरत कार्यालय सहयोगी खोपलाल पाण्डेको एक कार्यक्रम बीच विदाई गरेको हो।

२०४६ साल देखि यसै जिल्लालाई कर्मथलो बनाएर कार्यरत रहँदै आएका पाण्डेको महेशपुर भन्सार कार्यालय, नवलपरासीमा सरुवा भएको हो। विदाई र स्वागत कार्यक्रम उच्च पदस्थ कर्मचारीहरूको मात्र हुँदै आएकोमा यसरी श्रेणी विहीन कार्यालय सहयोगी कर्मचारीहरूलाई पनि आधिकारिक ट्रेड युनियनले बोलाई बोलाई बिदाई गरेकोमा आधिकारिक ट्रेड युनियन जिल्ला कार्य समिति, अर्घाखाँचीलाई विदाई भएर जान लाग्नु भएका खोपलाल पाण्डेले विशेष धन्यवाद तथा खुशी व्यक्त गरेका थिए।

कार्यक्रममा आधिकारिक ट्रेड युनियनका सदस्य लालमणि खनाल, नेपाल निजामती कर्मचारी युनियनका जिल्ला सचिव अर्जुन रेग्मी, केन्द्रीय प्रतिनिधी योगेश पन्थी, सदस्य जगदीश पाण्डे र करार तथा ज्यालादरीका लुम्बिनी प्रदेश उपाध्यक्ष सुदीप जि.सी. लगायतको उपस्थिती रहेको थियो। विदाई कार्यक्रम आधिकारिक ट्रेड युनियनका जिल्ला अध्यक्ष कृष्ण वर्मा, खोपलाल पाण्डेय, सदस्य नारायण प्रसाद दमासे लगायतले बोलेका थिए।

संघमा इन्जिनियरिङ्ग वस्तुगत समिति गठन

बुटवल, १६ चैत- रूपन्देही उद्योग संघमा आवद्ध इन्जिनियरिङ्ग उद्योगीहरूको बुधबार बसेको भेलाले इन्जिनियरिङ्ग वस्तुगत समिति गठन गरेको छ। भेलाको अध्यक्षता गर्नुहुँदै संघका प्रथम उपाध्यक्ष तथा वस्तुगत समिति गठनका संयोजक कृष्ण प्रसाद पराजुलीले वस्तुगत समिति गठनको उद्देश्य, काम कर्तव्य र अधिकारका बारेमा प्रकाश पार्नु पारेका थिए।

भेलालाई सम्बोधन गर्दै संघका अध्यक्ष माधव प्रसाद पौडेल ले प्रकृतिगत रूपमा उद्योगीहरूका आफ्नै प्रकारका समस्या हुने हुँदा त्यसलाई बस्तुगत समितिहरूले पहिचान गरी संघमा ल्याउन आग्रह गर्नुहुँदै उद्योगीहरूका समस्या समाधानकालागि संघ गम्भिर रूपमा लागि पर्ने प्रतिवद्धता समेत व्यक्त गरे। संघको संस्थागत विकासमा बस्तुगत समितिहरूको महत्वपूर्ण भूमिका हुने हुँदा समितिलाई क्रियाशिल बनिदिन उनले आग्रह गरे।

संघको सचिवालयमा सम्पन्न उद्योगीहरूको भेलाले रेसुङ्गा इन्जिनियरिङ्ग वर्कशप एण्ड ग्रिल उद्योगका संचालक मेघबहादुर घिमिरे (मिलन)को संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरेको छ।

गठित समितिको सहसंयोजकमा इन्टरटेक प्रा.लि.का बिष्णु ज्ञवाली, सचिवमा ईश्वरराज मेटल इन्जिनियरिङ्ग वर्क्सका राज कुमार श्रेष्ठ सदस्यहरूमा सुरज ग्रिल उद्योगका हुकुम बहादुर रसाइली, के.बि मेटल उद्योगका खिमानन्द भण्डारी, श्रीशिवशक्ति ग्रिल उद्योगका महेन्द्र सुवेदी, एग्रो इन्जिनियरिङ्ग इण्डष्ट्रिजका युवराज कर्माचार्य चयन भएका छन्।

समितिको सल्लाहकारहरूमा संघका प्रथम उपाध्यक्ष कृष्ण प्रसाद पराजुली, कार्यसमिति सदस्यहरू प्रेम बहादुर आले, कमल ज्ञवाली, मोहनीलाल रिजाल, शारदा भट्टराई, मिना थापा र उद्योगीहरू मोहन भट्टराई, दिलबहादुर राना, तुल बहादुर सारु, महेन्द्र कार्की र गंगाबहादुर सुनार रहेका छन्।

भेलामा शुभकामना मन्तव्य राख्नुहुँदै ग्रिल तथा स्टिल व्यवसायी संघ रूपन्देहीका अध्यक्ष मोहन भट्टराईले उद्योगीहरूका तमाम समस्याहरू पहिचान गरी समाधानको लागि संस्थागत पहल गर्न इन्जिनियरिङ्ग वस्तुगत समितिले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। भेलाबाट नवनिर्वाचित संयोजक मेघ बहादुर घिमिरेले इन्जिनियरिङ्ग उद्योगका समस्याहरूलाई पहिचान गरी समाधान गर्न संघसँग समन्वय गरी अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे।

कार्यक्रममा उद्योगीहरू तुल बहादुर सारु, महेन्द्र कार्की लगायतले बिद्युत आपूर्ती, घुमन्ते टोली, जग्गा अभाव शिपयुक्त श्रमशक्ति लगायतका समस्याहरू तत्काल समाधान गर्न संघले आवश्यक भूमिका खेल्नुपर्नेमा जोड दिएका थिए। भेलामा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुहुँदै संघका संघका द्वितीय उपाध्यक्ष जिवकान्त काप्लेले वस्तुगत समितिलाई कार्यअवधीसम्म निरन्तर क्रियाशिल रही काम गर्न अनुरोध गरे। संघका महासचिव हरि बहादुर खत्री , सचिव बसन्त ढकाल, महिला सचिव मन्जु भुसाल, कार्यसमिति सदस्य कमल ज्ञवाली, प्रेम बहादुर आले एवं इन्जिनियरिङ्ग वस्तुगत उद्योगीहरूको सहभागिता रहेको थियो।

आगामी...

लालपूर्जाकै अभावमा भैं झगडा, कुटपिट र हत्या समेतका घटना हुँदै आएकोमा अब ती समस्या समाधान हुने उनले बताए। ती समस्या समाधानमा जनप्रतिनिधीले अपजस समेत भोग्नु परेको पुराना दृष्टान्त दिँदै अध्यक्ष खाँणले लालपुर्जा प्राप्ती पछि नागरिक जग्गाधनी हुन पाएको, बिक्री बितरण र धितो राख्न सहजता हुने बताए। नापी कार्यालयमा नामसारी गराउँदा, फिल्ड बुक लिन जाँदा नागरिकलाई सास्ती दिईएको गुनासो आउने गरेकाले नागरिकमैत्री व्यवहार गर्न उनले सम्बन्धित कार्यालयलाई आग्रह गरे।

जग्गाको लालपुर्जा प्राप्त गरेका पुर्जाधनी रामधनी लोहारले आफूहरूले लालपुर्जा नहुदाँ बिगतमा जग्गा आफ्नो भएको अनुभुती गर्न नपाएको बताउँदै पुर्जा पाउदा खुसी लागेको बताए। उनी जस्तै जग्गाधनी पुर्जा पाएकी सोही वडाकी खैरुनिसा धोबीले लालपुर्जा पाउँदा मन खुसी भएको बताईन। लालपुर्जा नहुँदा अरूले थिचोमिचो गर्दछकी भन्ने डर

भए पनि अब सो डर हटेको उनले अनुभव सुनाईन।

नापी कार्यालय कपिलवस्तुका प्रमुख कैलाशनाथ पाण्डेले जिल्लाभरका २ सय ५९ वटा गाउँब्लकको ६ हजार ७ सय ६८ थान लालपुर्जा बितरण गरि सकेको जानकारी दिए। जिल्लाभरका १ हजार १ सय ६० गाउँ र बजार ब्लक मध्य १ हजार ८६ ब्लकको नाप नक्शा सम्पन्न भएको उनले प्रष्ट्याए। अन्य ब्लकको पुर्जा बितरणको कार्यलाई प्राथमिकता दिईएको उनको भनाइ छ। मन्त्रीको अगुवाईमा गाउँब्लक सहितका भूमिका समस्या समाधानमा द्रुत गतिले कार्य अगाडि बढेको नापी बिभागका उपमहानिर्देशक सुशिल डंगालले बताए। सरकारी र सार्वजनिक जग्गाको संरक्षणको दायित्व स्थानिय तहमा आएकाले सो बिषयमा गम्भिर बन्न मन्त्रालयका सचिव राम प्रसाद थपलियाले सबै स्थानिय तहलाई आग्रह गरे। कर्मचारीलाई गुनासो बिना नागरिकको कार्य सम्पादन गर्न सचिव थपलियाले निर्देशन दिए। लबनी स्वास्थ्य चौकी परिसरमा आयोजित कार्यक्रमको अध्यक्षता बिभागका महानिर्देशक प्रकाश जोशीले गरेका थिए भने सञ्चालन निर्देशक दामोदर ढकालले गरेका थिए।

ओमसतियाका...

जिल्लामा राष्ट्रिय भुमी आयोग रूपन्देहीले जग्गा नापजाँच गरीरहेको छ। त्यस्तै नेता खाणले जन्मसिद्ध नागरीकतामा देखीएको समस्या समाधानकालागी समेत पहल गर्ने बताए। उक्त बडाका बडा अध्यक्ष ज्ञानेशा श्रेष्ठले लामो समयको सघर्षपछि भूमिहिनलाई भूमि दिलाउन सफल भएको बताए। यसपछि उक्त बडाका बर्दीहवा र बिरनगरमा रहेका भुमीहिनलाई गाउँ ब्लकको जग्गा लालपुर्जा बितरण गर्ने योजना रहेको बताए।

बुटवलमा...

वडा नं. ११ को देविनगरमा रहेको करिब १५ विगाहा जग्गामा यो खुलामञ्च निर्माण गरिनेछ।

खेलकुदको विकासको लागि नगरपालीकाले नगर खेलकुद परिषद समेत गठन गरि सोही अनुसारको खेलकुदजन्य गतिविधिमा क्रियाशिलता दिँदै आएको नगर प्रमुख सुवेदीको भनाई रहेको छ। समितिको आयोजनामा खेलकुद जन्य विभिन्न क्रियाकलापहरू निरन्तर भैरहेका छन्। खेलाडी छनौट देखि लिएर प्रशिक्षक छनौट, तालिम तथा उपमेयर कप महिला भलिवल समेत बुटवल नगरले आयोजना गरेको थियो।

नगर खेलकुद विकास समितिका संयोजक नन्दबहादुर काउचाले नगरपालिकाले खेलकुद विकासमा आशातित काम गरेको बताउँछन्। सिमित स्रोत र साधानका विचमा नगरपालिकाले विभिन्न विद्यालय स्तर, जिल्ला र राष्ट्रिय स्तरको खुलकुद समेत आयोजना गरेको उनको भनाई छ।

संघ र प्रदेशले पनि बजेट बुटवलको खेलकुदको लागि बजेट विनियोजन गरेका छन्। जसअनुसार ६ वटा नयाँ खेलमैदान, ४ वटा कभर्ड हल र ४ वटा खुल्ला व्यायामशाला तयार भएका छन्। सानाठूला गरी ४० वटा खेल पूर्वाधारमा साझेदारीमा काम भएको छ।

नयाँ निर्माण मात्र होइन, पुराना मैदान मर्मतको कामसमेत भइरहेको छ। रामनगर खेल मैदानमा तारबारसहित मर्मत गरिएको छ। दिपनगरको सिद्धेश्वरी खेल मैदान मर्मतसँगै ट्र्याक बनाइएको छ। उपमहानगरले नहरपुर, देवसिद्ध, बेलवास, तामनगर, हरियाली खेलमैदान मर्मत संहार गर्ने काम गरेको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

महेशपुर भन्सार कार्यालय
महेशपुर, नवलपरासी, (व. सु. प.)

सवारी साधनहरु तथा मालवस्तु लिलाम बिक्रीको सूचना

(सूचना प्रकाशित मिति २०७८।१२।१७)

भन्सार छली चोरी निकासी/पैठारी लगायत बिभिन्न अभियोगमा विभिन्न मितिमा यस कार्यालयमा प्रतिवेदन सहित दाखिला भएका तपसीलमा उल्लेखित भन्सार ऐन, २०६४ बमोजिम जफत गरिएका सवारी तथा ढुवानी साधनहरू तथा मालवस्तु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले भन्सार नियमावली, २०६४ को नियम ३५(१) अनुसार यो सूचना प्रकाशित गरिएको छ। इच्छकु व्यक्ति, फर्म वा संस्थाबाट सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र तपसीलमा लेखिएका सर्तहरूको अधिनमा रहने गरि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ। बोलपत्र फारम यस कार्यालयको लेखा र मुद्दा शाखाबाट खरिद गर्न सकिनेछ। साथै आफूले कबोल गरेको रकमको १०% ले हुने रकम महेशपुर भन्सार कार्यालयमा रहेको प्रभु बैंक लिमिटेडको काउन्टरमा धरौटी खाता नं.क २.९ महेशपुर भन्सार कोष ०५००११४९७४४०००२१ मा जम्मा गरी सो को सक्कल भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ। अन्य व्यहोरा वुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै यो सूचना भन्सार विभागको वेभसाईट https://customs.gov.np/mahespur मा पनि हेर्न सकिनेछ।

तपसिल

दर्ता हुने गरी (सि. नं १ देखि ८८ सम्म)

सि.नं./बोलपत्र नं.	मुद्दा नं.र मिति	सवारीको किसिम	चेसिस नं	इन्जिन नं	उत्पादन वर्ष	सि.सी.	सवारीको रंग	न्यूनतम मूल्य रु.	कैफियत
१	९३/२०७७/०४/३२	HEROHONDA SPLENDER PRO	MBLHA10ADCHC03244	HA10EHCHC03364	२०१२	९७.२	कालो	२००००	
२	१६६/२०७७/०५/३०	HERO CD DELUXE	MBLHA11ERC9E05035	HA11EDC9E06260	२०१२	९७.२	कालो	२००००	
३	५७८/२०७७/११/२	हिरो स्प्लेण्डर प्रो	MBLHA10ACCHF29237	HA10ELCHF32358	२०१२	९७.२	कालो	२००००	
४	४३/२०७६/०५/०६	सुपर स्पेलेण्डर	MBLJA05EGC9C03386	JA05EBC9C03278	२०१२	१२४.७	कालो	२००००	
५	५१/२०७६/०५/११	HERO HF DELUXE	MBLHA11ATG9C19716	HA11EJC9C48740	२०१२	१२४.७	कालो	२००००	
६	५४/२०७६/०५/११	टिभिएस अपाच्चे आटिआर	MD634KE40C2E81140	OE4EC2367653	२०१२	१५९.७	कालो	२००००	
७	२७१/२०७७/०३/०८	बजाज डिस्कभर	MD2A15DZXCPD67541	JZZPCD28151	२०१२	१२५	कालो	२००००	
८	२८१/२०७६/०७७	बजाज प्लाटिना	MD2A18AZ7CCRG60398	DZZRCG60015	२०१२	१००	कालो	२००००	
९	२१/२०७५/०७६	हिरो स्प्लेण्डर प्रो	MBLHA10ASCHH852435	HA10ELCHH44740	२०१२	९७.२	कालो	२००००	
१०	५२/२०७५/०७६	हिरो होण्डा स्प्लेण्डर प्रो	MBLHA10ADC9A14363	HA10EHC9A14709	२०१२	९७.२	कालो	२००००	
११	२६२/२०७८/६/२१	बजाज पल्सर	MD2DHDHZZVCA46344	DHGBVA10463	२०१२	१४९.१	रातो	२००००	
१२	५२/२०७५/०७६	हिरो सुपर स्पेलेण्डर	MBJA05EME9L00740	JAO5ECE9L00184	२०१३	१२४.७	कालो	२००००	
१३	६७/२०७७/०४/२६	Discover motorcycle	MD2A14AZ7DRE56052	JBZRDF52736	२०१३	१००	हरियो, कालो	२००००	
१४	११८/२०७७/५/९	TVS SPORT	MD625MF55D3D03408	DF5DD1315370	२०१३	९९.७	सेतो	२००००	
१५	१६२/२०७७/०५/३०	HERO HF DELUXE	MBLHA11EWb9F07212	HA11EFD9F12284	२०१३	९७.२	कालो	२००००	
१६	१६५/२०७७/०५/३०	हिरो स्प्लेण्डर प्रो	MBLHA10ASDHJ53087	HA10ELDH128929	२०१३	९७.२	कालो	२००००	
१७	२१४/२०७७/०६/१३	बजाज डिस्कभर	MD2A14AZ9DPA76641	JBZPDA05155	२०१३	१००	कालो हरियो	२००००	
१८	१/२०७६/०४/०९	TVS अपाच्चे RTR 160cc	MD634KE4D2L31047	0E4LD2521688	२०१३	१५९.७	सेतो	२००००	
१९	१०५/२०७६/०६/०७	HERO HF DELUXE	MBLHA11AEE9C36914	HA11EFD9D26986	२०१३	९७.२	कालो रातो	२००००	
२०	११४/२०७६/७/१	HERO SPLENDER PRO	MBLHA10ASCHD23752	HA10ELCHD27281	२०१३	९७.२	कालो	२००००	
२१	२३६/२०७६/११/२	HF DELUXE HERO	MBLHA11EWP9G01589	HA11EFD9G00407	२०१३	९७.२	कालो	२००००	
२२	२१/२०७५/०७६	होण्डा साईन	ME4JC583AD8178301	JC58E81177253	२०१३	१२५	कालो	२००००	
२३	९२/२०७५/०७६	होण्डा साईन	ME4JC36JJD7626769	JC36E77932675	२०१३	१२५	कालो	२००००	
२४	९९/०७८/५/६	हिरोहोण्डा स्प्लेण्डर प्लस	MBLHA11AED9L17802	HA11EFD9L46193	२०१३	९७.२	कालो	२००००	
२५	४१८/२०७८/९/७	होण्डा ड्रिम योगा	ME4JC589MDT017183	JC58E-T 3204626	२०१३	११०.०	कालो	२००००	
२६	४१८/२०७८/९/७	हिरो स्प्लेण्डर	MBLLHA10ABL3DHK16769	HA10ELDHK57015	२०१३	९७.२	कालो	२००००	
२७	८/२०७६/०४/१५	हिरो स्पिलेण्डर प्रो.	MBLHA10A3EHA07691	HA11EHA34899	२०१४	९७.२	कालो	२००००	
२८	५४/२०७६/०५/११	Honda Dio scuti	ME4JF392BE3080064	JF39E70090011	२०१४	१०९	रातो	२००००	
२९	२३५/२०७६/११/१	HF DELUXE HERO	MBLHA11AEE9036924	HA11EFE9056749	२०१४	९७.२	कालो	२००००	
३०	२३७/२०७६/११/२	HERO HF DELUXE	MBLHAIIAEE9B33418	HA11EFE9B42654	२०१४	९७.२	कालो	२००००	
३१	६३/२०७५/०७६	हिरो स्प्लेण्डर I SMART	MBLHA12ACF9HO4299	HA12EMF9HO3399	२०१४	९७.२	सेतो कालो	२००००	
३२	९२/२०७५/०७६	होण्डा साईन	ME4JC36CEB824339	JC36E2368773	२०१४	१२५	कालो	२००००	
३३	४१८/२०७८/९/७	एभन्जर	MD2AEZ3ECM78821	PDZCEM76459	२०१४	२२०	कालो	२१०००	
३४	१५३/२०७७/०५/२४	बजाज पल्सर १५०	MD2A11CZ6FWA04672	DHZWFA05607	२०१५	१५०	कालो, निलो	२२७००	
३५	१६०/२०७७/०५/३०	हिरो सुपर स्प्लेण्डर	MBLHA05EMF9J30335	JA05ECF9J29007	२०१५	१२४.७	रातो, कालो	२००००	
३६	४१९/२०७७/०९/६	हिरो एच एफ डिलक्स	MBLHAR059H9E02092	HA11EPH9E16914	२०१५	९७.२	कालो	२००००	
३७	६१६/२०७७/११/१७	HERO HF DELUXE	MBLHA11ACE9B05829	HA11EGE9B08539	२०१५	९७.२	कालो रातो	२००००	
३८	३४/२०७६/०४/३२	हिरो प्यासन प्रो	MBLHA10ESFHK25249	HA10EVFHK56614	२०१५	९७.२	कालो, निलो	२००००	
३९	६९/२०७६/०५/१७	हिरो प्यासन प्रो	MBLHA10BSFHK29994	HA10EUFHK31909	२०१५	९७.२	कालो, निलो	२००००	
४०	२३७/२०७६/११/२	HERO SPLENDER PRO	MBLHA10BFFHE65400	HA10ERFHE80108	२०१५	९७.२	कालो	२००००	
४१	८०५/०७८/२/२७	बजाज डिस्कभर	MD2DA15BZ5FRF77151	JZZRFF26972	२०१५	१२५	कालो रातो	२००००	
४२	२७०/०७७/०७८	HERO HF DELUXE	MBLHA11ALF9C03418	HA11EJF9C22723	२०१५	९७.२	कालो	२००००	
४३	६६/२०७७/०४/२६	टिभिएस अपाच्चे आरटिआर	MD634KE41G23B79071	0E4BG2926211	२०१६	१५९.७	निलो	३६९००	
४४	१३९/२०७७/०५/२१	हिरो स्प्लेण्डर	MBLHA10CGGHM87383	HA10ERGHMA2096	२०१६	९७.२	कालो	२२३००	
४५	५४/२०७६/०५/११	बजाज पल्सर २२० सीसी	MD2A13EZ6GCM22237	DKZCGM89433	२०१६	२२०	रातो, कालो	४५३००	
४६	५४/२०७६/०५/११	बजाज पल्सर २२०	MD2DHDDKZZUCB22313	DKZCGG61597	२०१६	२२०	कालो	४७५००	
४७	६८/२०७६/०५/१४	हिरो सुपर स्प्लेण्डर	MBLJA05EMG9G39364	JA05ECG9G34457	२०१६	९७.२	रातो, कालो	२२९००	
४८	२७१/२०७७/०३/०८	HERO HF DELUXE	MBlHAR054H9G34969	HA11EPH9G13040	२०१६	९७.२	कालो रातो	२००००	
४९	२३६/२०७६/११/२	HF DELUXE HERO	MBLHA11ATG4F17468	HA11EJG4F17409	२०१६	९७.२	कालो	२००००	
५०	९३/२०७५/०७६	बजाज प्लाटिना	MD2A76AZ2GRC51833	DFZRGC26153	२०१६	१००	रातो	२००००	
५१	२७२/२०७८/६/२४	होण DIO स्कुटी	ME4JF399GGN8002374	JF39E81075960	२०१६	११०	रातो	२४०००	
५२	४१८/२०७८/९/७	हिरो एच एफ डिलक्स,	MBLHA11ATG9E15001	HA11EJG9E32541	२०१६	९७.२	कालो	२००००	
५३	४१८/२०७८/९/७	बजाज पल्सर	MD2A11CZ0GWG37847	DHZWGG56029	२०१६	१४९.१	निलो	२००००	
५४	८९/२०७७/०७८, २०७७/०४/३१	बजाज डिसकभर	MD2A15BY5HRB60476	JZYRB10576	२०१७	१२५	कालो	२८४००	
५५	९१/२०७७/०७८, २०७७/०४/३२	बजाज डिसकभर	MD2A14AZ2DPA78182	JBZPDA06725	२०१७	१००	कालो	३७९००	
५६	१५३/२०७७/०५/२४	होण्डा साईन	ME4JC657MH7079090	JC55E71363518	२०१७	१२५	रातो	४२२००	
५७	३०६/०७७/०७८	बजाज पलाटिना	MD2A76AY4HB98156	PFYRHB86356	२०१७	१००	कालो	२९३००	
५८	३४९/२०७७/०७/२६	बजाज पल्सर १५० सीसी	MD2A11CY3HRL21797	DHYRHL08510	२०१७	१५०	कालो	५११००	
५९	४०५/२०७७/०९/१	हिरो सुपर स्प्लेण्डर	MBLJAR031H9K05673	JA05EGH9K07216	२०१७	१२४.७	कालो रातो	३३६००	
६०	५७८/२०७७/११/२	हिरो सुपर स्प्लेण्डर	MBLJAW098K98K9E57949	JA05EGK9E02504	२०१७	१२४.७	रातो, कालो	३३६००	
६१	६६३/२०७७/१२/३	HERO HF DELUXE	MBLHA11AZG9H06860	HA11EKG9H06957	२०१७	९७.२	कालो	२९३००	
६२	१३/२०७६/०४/२०	HERO HF DELUXE	MBLHAR231JHH02376	HA11ENJHH03084	२०१७	९७.२	कालो, रातो	२२०००	
६३	१४/२०७६/०४/२०	हिरो सुपर स्प्लेण्डर	MBLJARO34J9A18274	JA05EGJ9A18276	२०१७	१२४.७	कालो	३२७००	
६४	३३०/२०७६/०७७	HERO HF DELUXE	MBLHA7150H9H09895	HA11EMH9H10757	२०१७	९७.२	कालो रातो	२९३००	
६५	२१८/२०७६/१०/१६	SUPER SPLENDER	MBLJAR034H9G01695	JA05EGH9G10352	२०१७	१२४.७	काला रातो	३३६००	
६६	७१/२०७५/०७६	टिभिएस भिक्टर	MD6256F11H1L00048	JF1LH1218035	२०१७	१०९.७	कालो	३५९००	
६७	९४/२०७५/०७६	बजाज प्लाटिना	MD2A76AY1HRH66640	PFYRHH65272	२०१७	१००.०	कालो	३१०००	
६८	१९/०७८/४/८	हिरो सुपर स्प्लेण्डर	MBLJAR038H9M39390	JAR05EGH9M39152	२०१७	१२४.७	कालो	३३५००	
६९	३४/२०७६/०४/३२	HERO HF DELUXE	MBLHAR23XHHL02476	HA11ENHHL03175	२०१७	९७.२	कालो	२९३००	
७०	४१८/२०७८/९/७	बजाज पल्सर	MD2A11CY9HRM41216	DHYRHM27907	२०१७	१४९.१	कालो	४६८००	
७१	८६/२०७७/०४/२९	होण्डा साईन	ME4JC65BLJT097526	JC65ET2272702	२०१८	१२५	कालो	५०१००	
७२	२०८/२०७७/०६/११	TVS STAR CITI	MD625FF10J3C03608	FF1CJ1410522	२०१८	१०९.७	रातो	४०३००	
७३	२३१/२०७७/०६/१७	टिभियस अटो रिक्सा (टेम्पो)	MD6M14PA2J4F37723	AK4FJ4045795	२०१८	१९९.२६	रातो	१६१०००	
७४	२३८/२०७७/०६/१९	TVS APPACHE RTR	MD634BE42J2E75773	BE4EJ2074887	२०१८	१५९.७	सेतो रातो	६१०००	
७५	२८०/२०७७/०७/०२	बजाज पलाटिना	MD2A76AY2JRA95291	PFYRJA14064	२०१८	१००	निलो	४८५००	
७६	३४९/२०७७/०७/२६	बजाज पलाटिना	MD2A76AY8JRD57671	PFYRJD78562	२०१८	१००	कालो	३७१००	
७७	४१३/२०७७/०९/५	बजाज पलाटिना	MD2A76AYXJRF69665	PFYRJF42145	२०१८	१००	कालो	४८५००	
७८	५४/२०७६/०५/११	बजाज पल्सर २२०	MD2A13EY2JCK09963	DKYCJK09569	२०१८	२२०	कालो	९२९००	
७९	११८/२०७६/७/१	BAJAJ pulser	MD2A11CY4JRG14620	DHYRJG93602	२०१८	१५०	कालो	७४७००	
८०	७१/२०७५/०७६	हिरो HF DELUXE	MBLHAR232JHD20373	HA11ENJHD22994	२०१८	९७.२	कालो रातो	३४७००	
८१	१४०/०७८/५/१७	हिरो सुपर स्प्लेण्डर	MBLJAR169J9F07844	JA06EHJ9F08081	२०१८	१२४.७	रातो, कालो	३९२००	
८२	१४०/०७८/५/१७	बजाज पल्सर	MD2A11CY9JRG08988	DHYRJG86967	२०१८	१५०	कालो	७२२००	
८३	४१८.२०७८/९/७	होण्डा साईन	ME4JC36CJA810162	JC36E2147027	२०१८	१२५	कालो	५३७००	
८४	२१६/०७७/०६/१३	बजाज पल्सर १५०	MD2A11CY4KPL07345	DHYRKL86395	२०१९	१५०	कालो	९२५००	
८५	२३५/२०७६/११/१	HF DELUXE HERO	MBLHHR238JHF21517	HA11ENJHF29977	२०१९	९७.२	कालो	५०६००	
८६	६६२/२०७७/१२/३	सुपर स्प्लेण्डर	MBLJAW172L9G12879	JA07ABL9G16597	२०२०	१२४.७	निलो	९०८००	
८७	५४/२०७६/०५/११	बजाज पल्सर २२०	MD2A13EZXGCK03457	DKZCGK73273	२०१६	२२०	कालो	४७५००	
दर्ता नहुने पत्रु (SCRAP) सवारी साधन सि.नं ८८ देखि ८९									
८८	सवारी साधनको रूपमा प्रयोगमा ल्याउन नसक्ने गरी भन्सार कार्यालयमै पत्रु (scrap) बनाई लैजाने शर्तमा एकमुष्ठ लिलाम बिक्री गरिने बिभिन्न मुद्दा नं का मोटरसाईकल थान २८४ (बिस्तृत विवरण महेशपुर भन्सार कार्यालयबाट बुझ्न सकिने)							१२०८८६५	
८९	२९१/२०७७/०७/०३	बा.६च ५४०८ नं लागेको स्याङ्योङ कम्पनीको थान १ (दर्ता नहुने गरी पत्रु (scrap) मा)						६९३००	
अन्य मालवस्तु									
९०	११७/०७८/०५/०९	MOBILE:- (1) REALME C25 19 PCS, (2) REALME C21 58 PCS ,(3) REALME C11 25 PCS, (4) POCO C3 20 PCS (5) REALME C20 36 PCS,(6) POCO M2 20 PCS, (7) REDMI 9 56 PCS (8) REDMI NOTE 9 15 PCS, (9) REDMI 9I 7 (10) REDMI NOTE 10S 13 PCS (11) NARZO 30A 30 PCS (12) POCO M3 PRO5G 5 PCS (13) REALME 8 23 PCS (14) REDMI 8A 56 PCS (15) REDMI 9A 30 PCS (16) REDMI NOTE 10 PRO 26 PCS,(17) REDMI NOTE 9 PRO 21 PCS (18) POCO M3 7 PCS (19) POCO M3 PRO5G 3 PCS, (20) REALME 7PRO 4PCS (21) REDMI 9PRIME 5 PCS (22) REDMI NOTE 10 PRO MAX 17 PCS (23) REALME 8 PRO 6 PCS ,(24) REALME 8 5G PRO 17 PCS, (25) REDMI NOTE 10 4 PCS (26) POCO F3 GT 3 PCS ,(27) POCO X3 2 PCS, (28) NORD ONE PLUS CE 5G 12 PCS (29) NOKIA 105 40 PCS,(30) NOKIA 110 8 PCS ,(31) NOKIA 225 4 PCS, (32) NOKIA 3510 3 PCS, (33) MI WATCH REVOLive WATCH 1 PCS, (34) MOBILE CHARGER 1 PCS						९९७५१००।-	
९१	०२/२०७८/४/०१ समेत विभिन्न ३५८ थान मुद्दा	कपडा लगायतका विभिन्न सामान (बिस्तृत विवरण महेशपुर भन्सार कार्यालय मुद्दा शाखाबाट बुझ्न सकिने)						३५८९६८१	

शर्तहरू :

१) बोलपत्रको सूचना प्रकाशित भएको मितिले २१ दिन (२०७९/०१/०७ गते) भित्र (२१ औं दिनमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट) कार्यालय समयमा बोलपत्रको मूल्य, रु. दश लाख सम्म मुल्य भएमा रु.१०००।- र रु. दश लाख माथिको भएमा रु.२०००।- बुझाई (फिर्ता नहुने) यस कार्यालयबाट बोलपत्र खरीद गर्न सकिने छ। कार्यालयबाट विक्री नभएको तथा जुन बोलपत्र नम्वरको बोलपत्र खरीद गरेको हो सोही बोलपत्र जसको नाममा जारी भएको हो सोही व्यक्ति वा फर्म बाहेक अन्यले बोलपत्र दाखिला गर्न सक्ने छैन।

२) बोलपत्र फाराम खरीदको लागि आफूले लिन चाहेको सवारी साधनको /मालवस्तुको बोलपत्र नं. र मुद्दा नं./मिति उल्लेख गरी रु १० को टिकट टाँसी फर्मको हकमा फर्मको ईजाजतपत्रको प्रमाणित प्रतिलिपि, गत आ. व. को कर चुक्ता प्रमाणपत्र र मू. अ. करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन यस कार्यालयमा पेश गर्नु पर्ने छ।

३) बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराममा सहीछाप गरेको हुनु पर्नेछ, अन्यथा बोलपत्र रद्द गरिनेछ।

४) कबोल गरेको रकमलाई अंक र अक्षर दुवै मा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिईनेछ र केरमेट भएको स्थानमा दस्तखत गरेको हुनुपर्ने छ, अन्यथा मान्यता दिईने छैन।

५) बोलपत्र दाखिला गर्दा बोलपत्र नं., बोलपत्रदाताको नाम थर, ठेगाना, फोन नं. र मुद्दा नं. सवारीर ढुवानी साधनको किसिम समेत खुलाई खाममा लाहाछाप लगाई सिलबन्दी/खामवन्दी गरी पेश गर्नु पर्ने छ।

६) सूचना प्रकाशित भएको मितिले एक्काईसौ दिन (२०७९/०१/०७ गते) कार्यालय समय भित्र खरिद गरिएको बोलपत्र फाराम बाईसौं दिन (२०७९/०१/०८ गते) दिउसो १२:०० बजे सम्म यस कार्यालयमा दर्ता हुनेछ। दर्ता हुन आएका सिलवन्दी बोलपत्र फारमहरू सोहि दिन दिनको २:०० वजे उपस्थित प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सोको भोलि पल्ट कार्यालय खुले पछि सोहि समयमा खोलिनेछ।

७) कुनै शर्त राखी पेश गरेको बोलपत्र मान्य हुने छैन।

८) बोलपत्र स्वीकृत भएको मितिले ७(सात) दिन भित्र आफूले कबोल गरेको साधनको, मालवस्तुको कवोल मूल्य र सो मा प्रचलित नियमानुसार लाग्ने कर (मु.अ.कर र सि.नं. १ देखि ८८ सम्मका सवारी साधनमा आर्थिक ऐन २०७८ को अनुसूची ३ बमोजिम लाग्ने सडक निर्माण दस्तुर) समेत बुझाई सवारी साधन तथा मालवस्तु उठाई लैजानु पर्नेछ। सात दिन भित्र आफूले कबोल गरेको सवारी साधन वा मालवस्तु उठाई नलगेमा निजको धरौटी जफत गरी निज भन्दा क्रमशः घटी कबोल गर्ने दोस्रो, तेश्रो र चौथो लाई प्राथमिकता दिइने छ र सो अनुसार पनि लिलाम हुन नसकेमा धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अगाडी बढाइनेछ।

९) इच्छुक व्यक्तिले सवारी/ढुवानी साधन, माववस्तु हेर्न चाहेमा यस कार्यालयमा आएर कार्यालय समय भित्र हेर्न, बुझ्न सकिनेछ।

१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः लिलामको सूचना प्रकाशित गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

११) लिलामबाट सकार गरेका सवारी साधनहरू (सि. नं १ देखि ८७ सम्म) को प्रचलित ऐन नियमानुसार दर्ता गराउने जिम्मा निज लिलाम सकारकर्ताको नै हुनेछ।

१२) पत्रु (SCRAP) मा लिलाम गरिने (सि.नं. ८८ र ८९ सम्मका) साधनहरू सवारी साधनको रूपमा दर्ता नहुने र उक्त साधनहरू लिलाम सकार गर्ने व्यक्तिले यस कार्यालयको रोहवरमा आफ्नै खर्चमा त्यस्ता साधनहरूलाई सवारी साधनको रूपमा प्रयोगमा आउन नसक्ने गरी टुक्र्याएर पत्रु बनाई उठाई लैजानु पर्नेछ।

१३) यसमा नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ।